# स्थानीय राजपत्र

**रैनादेवी छहरा गाउँपालिकाद्वारा प्रकाशित**

**खण्डः ४, रैनादेवी छहरा, मितिः २०८०/०४/०४, संख्याः २**

## भाग–२

### रैनादेवी छहरा गाउँपालिका

### कार्यविधिको नाम : रैनादेवी छहरा गाउँपालिकाको अटो रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८०/०३/२९

**प्रस्तावनाः**

रैनादेवी छहरा गाउँपालिकामा सञ्चालन हुने अटो रिक्सा तथा पेट्रालियम पदार्थबाट चल्ने तीन पाङ्ग्रे टेम्पुहरुलाई व्यवस्थापन गरी गाउँको आवश्यकता, ट्राफिक व्यवस्थापनमा सहजता, बजार व्यवस्थापन गर्न तथा सवारी यात्रु, सवारिधनीहरुको हित प्रवर्द्धन गर्दै स्थानीय यातायात सुरक्षा र नियमन गर्न आवश्यक भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को

दफा ११ को उपदफा २ (ट) को खण्ड ४ को अधिकार कार्यान्वयन गर्न र सोहि ऐनको दफा ११ को उपदफा ४ (ट) बमोजिम अधिकार प्रदेश कानून बनी अन्यथा व्यवस्था भएमा सोहि बमोजिम हुने गरी हाल उल्लेखित व्यवस्था कार्यान्वयन गरी गाउँ क्षेत्रमा चल्ने पेट्रालियम पदार्थ बाट चल्ने रिक्सा र विद्युतीय रिक्साको दर्ता अनुमति, गाउँपालिका क्षेत्रलाई आवश्यक संङ्ख्याको निर्धारण, रुट निर्धारण,भाडा दर निर्धारण तथा नियमन जस्ता कार्यलाई व्यवस्थित गर्दै वैकल्पिक यातायात सुरक्षालाई भरपर्दो र विश्वसनीय बनाउन आवश्यको देखिएको हुँदा रैनादेवी छहरा गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले देहाय बमोजिमको कार्यविधि बनाई लागु गरेको छ।

## परिच्छेद-१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ**

(१) यो कार्यविधिको नाम "अटो रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८०" हुनेछ।

(२) प्रारम्भ : यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा:-** विषय वा प्रशङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क. "कार्यविधि" भन्नाले अटो रिक्सा सञ्चालन, व्यवस्थापन तथा नियमन सम्बन्धी कार्यविधि, २०८० भन्ने बुझिनेछ।

ख. "पेट्रालियम रिक्सा" भन्नाले पेट्रालियम पदार्थ प्रयोग गरी चल्ने रिक्सा भन्ने बुभिनेछ । जसलाई तीन पाङ्ग्रे टेम्पु समेत लाई जनाउने छ।

ग. "विद्युतिय रिक्सा"भन्नाले विद्युतको माध्यमबाट चल्ने रिक्सालाई बुझिन्छ।

घ. “संचालन अनुमति” भन्नाले रैनादेवी छहरा गाउँपालिकाले रुट निर्धारण गरी गाउँ क्षेत्र निर्धारण भित्र सञ्चालन गर्न अनुमति दिई सम्बन्धित यातायात व्यवस्था कार्यालयमा सिफारिस गरी दर्ता भएका र दर्ताका लागि सिफारिस भएका रिक्साको अनुमतिलाइ बुझाउने छ।

ङ. “रुट” भन्नाले पेट्रालियम पदार्थ/विद्युतबाट सञ्चालनका लागि गाउँ क्षेत्र भित्र तोकिएको इजाजत पत्रमा उल्लेखित रुट भन्ने बुझिन्छ।

च. “समिति” भन्नाले यसै कार्यविधिको दफा १३ बमोजिमको गठित व्यवस्थापन समितिलाई बुझिनेछ।

छ. “स्वरोजगार” भन्नाले आफ्नो वा एकाघर परिवारको नाममा विलवुक भई सवारी चालक अनुमति प्राप्त गरी आफैले सवारी चलाएको व्यक्ति भन्ने बुझिनेछ।

ज. “गाउँ कार्यपालिका” भन्नाले रैनादेवी छहरा गाउँपालिकाको गाउँ कार्यपालिकालाई बुझाउने छ।

झ. “गाउँ कार्यपालिका कार्यालय” भन्नाले रैनादेवी छहरा गाउँपालिका गाउँ कार्यपालिका कार्यालयलाई बुझाउने छ।

ञ. “गाउँ क्षेत्र” भन्नाले रैनादेवी छहरा गाउँपालिकाका सिमाना भन्ने बुझाउने छ।

ट. “अध्यक्ष” भन्नाले रैनादेवी छहरा गाउँपालिका प्रमुख भन्ने बुझाउने छ।

ठ. “उपाध्यक्ष” भन्नाले रैनादेवी छहरा गाउँपालिका उप-प्रमुख भन्ने बुझाउने छ।

ड. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले रैनादेवी छहरा गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

ढ. "विशेष परिस्थिती" भन्नाले पेट्रोलियम पदार्थको मुल्य २०% भन्दा बढी मुल्य थपघट भएको अवस्थालाई बुझिन्छ ।

## परिच्छेद-२
## दर्ता सम्बन्धी

**३. संचालन अनुमित पत्र लिनु पर्ने:**

(१) रैनादेवी छहरा गाउँपालिका क्षेत्र भित्र सञ्चालन गरिने पेट्रोलियम पदार्थ वा विद्युत बाट चल्ने वा अन्य जुनसुकै टेम्पु जस्ता साना सार्वजनिक सवारी साधनले प्रचलित कानून बमोजिम दर्ता गर्नु पर्ने निकायबाट दर्ता गरी रैनादेवी छहरा गाउँपालिकाबाट दर्ता अनुमिति लिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम संचालन अनुमितपत्र नलिइ गाउँ क्षेत्र भित्र सवारी साधन संचालन गर्न पाइने छैन ।

**४. अन्यत्र दर्ता भएका सवारी संचालनमा रोक लगाइने :** रैनादेवी छहरा गाउँपालिकाको क्षेत्रभित्र अन्यत्र दर्ता भएका सवारी साधन गाउँपालिकामा दर्ता नभई संचालन गर्न दिईने छैन ।

**५. दर्ता गर्नु पर्ने :**

क. गाउँ क्षेत्रमा संचालन हुने गरी यसै कार्यविधिमा उल्लेखित संख्यामा नबढ्ने गरी दर्ताका लागि प्राप्त हुने निवेदनकोछानबिन गरी निवेदन प्राप्त भएको मितिले ३५ दिन भित्र अटो-रिक्सा दर्ता गर्न सक्नेछ ।

ख. उपदफा (१) बमोजिम दर्ता हुने अटो रिक्साको लगत अभिलेख खडा गरी पहिचान खुल्ने सवारी साधन नं. उपलब्ध गराउन सक्नेछ।

ग. दर्ता भएका रिक्साको वार्षिक नवीकरण गर्नु पर्नेछ।

घ. दर्ता तथा नवीकरण शुल्क गाउँ सभाले निर्धारण गरे बमोजिम हुनेछ।

ङ. रूट इजाजत पत्र शुल्क कार्यपालिकाले निर्धारण गरे बमोजिम हुनेछ।

च. गाउ सभाबाट तोकिए बमोजिम वार्षिक सवारी कर बुझाउनु पर्नेछ।

**६. सूचना गर्नु पर्नेः**

(१) दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ।

(क) (१) यस कार्यविधि बमोजिम संचालन अनुमतिका लागि गाउँ कार्यपालिकाले कम्तिमा २१ दिने सार्वजनिक सूचना गर्नु पर्नेछ।

(ख) (२) उपदफा (१) बमोजिम सूचना प्रकाशित गरी प्राप्त हुने निवेदनको छानबिन र दर्ता गर्दा देहाय बमोजिम क्रमको प्राथमिकताको आधारमा दर्ता गर्नु पर्नेछ।

(१) स्थानीय (गाउँ क्षेत्र) स्वरोजगार / बेरोजगार

(२) पाल्पा जिल्लाको स्थानीय बासिन्दा

(३) लुम्विनी प्रदेशको स्थायी बासिन्दा।

(४) नेपाली नागरिक।

**७. निवेदन दिनु पर्ने**:

(१) दफा ५ बमोजिम दर्ता गर्न दर्ता अनुमति सिफारिस तथा रुट इजाजत प्रयोजनका लागि सम्बन्धित सवारी धनीले देहाय बमोजिमका विवरण संलग्न गरी दर्ताका लागि निवेदन दिनु पर्नेछ।

क. सवारी धनीको नाम थर ठेगानाः
नागरिकता नं. र प्राप्त जिल्लाः
नागरिकताको प्रतिलिपिः

ख. सवारी खरिद गरेको मिति र सम्भव भए खरिद गरेको बिल विजकः

ग. सवारीको चेसिस नम्बरः

घ. सवारी चालक आफै भए चालक अनुमति पत्रको प्रतिलिपिः

ङ. नेपाल सरकार/ प्रदेश सरकारका निकाय, विभाग वा कार्यालयमा दर्ता भएको भए सवारी नं. र बिल बुकको प्रतिलिपि, दर्ता हुँदा रुट इजाजत पत्र प्राप्त गरेको भए सोको विवरण र पुष्टि हुने कागजात।

च. नियमानुसार यात्रु बिमा सुनिश्चितता सम्बन्धी प्रमाणित कागजातहरु।

छ. उल्लेखित विवरण र कागजात सहित निवेदन पर्न आएमा गाउँ कार्यपालिका कार्यालयले छानबिन गरी ३५ दिन भित्र दर्ता अनुमति सिफारिस र रुट इजाजत पत्र र सवारी साधन नम्बर दिन सक्नेछ।

**८. सवारी चालक अनुमति पत्र**: गाउँ क्षेत्रभित्र संचालन हुने सवारी साधनका चालकले प्रचलित कानुन बमोजिम सवारी चालकअनुमति पत्र लिएको हुनु पर्नेछ।

## परिच्छेद-३
## रुट तथ संख्या निर्धारण सम्बन्धी

**९ रुट निर्धारणः**

(१) यस कार्यविधि बमोजिम दर्ता भई संचालन हुने सवारी साधनहरू संचालन गरिने रुटको निर्धारणगर्ने कार्यपालिकाले समय समयमा निर्धारण गरे बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिमको रूट निर्धारण नभएसम्म यस कार्यविधि बमोजिम अनुमति प्राप्त सवारी साधनको रुट देहाय बमोजिम हुनेछ।

(क) गाउँ कार्यपालिकाले सूचना प्रकाशित गरी निषेध गरेको क्षेत्र बाहेकका गाउँ क्षेत्रभित्र कम्तीमा ४ मिटर पक्की, ग्राभेल वा कच्चि सडक क्षेत्र।

(ख) गाउँ क्षेत्रमा संचालन अनुमति प्राप्त चालकले रुट इजाजत पत्र साथमा राख्नु पर्नेछ।

(ग) प्रत्येक सवारी धनीले रुट इजाजत पत्र लिएको हुनु पर्नेछ।

(घ) रुट निर्धारण सम्बन्धमा गाउँ कार्यपालिका कार्यालयले समय-समयमा परिवर्तन गर्न सक्नेछ।

(१) यस कार्यविधि बमोजिम निर्धारण गरिएको रुटमा अटो रिक्साको संख्या बढी भई स्वरोजगार श्रमिकहरूको आम्दानीमा प्रतिकुल असर परेको, ट्राफिक व्यवस्थापन, बजार व्यवस्थापनमा प्रतिकुल प्रभाव परेका जस्ता कारण पाइएमा गाउँ कार्यपालिकाले सरोकारवालाहरू समेतको सुझावका आधारमा सवारी साधनलाई आलोपालो प्रणालीका आधारमा संचालन गर्ने गरी तोक्न सक्नेछ। आलोपालो प्रणाली जोरबिजोर वा समय वा वडागत आधारमा निर्धारण गर्न सक्नेछ।

## परिच्छेद-४
## संचालन तथा व्यवस्थापन समिति सम्बन्धी

### १०. अटो-रिक्सा संचालन तथा व्यवस्थापन समितिः

(१) गाउँ क्षेत्रमा संचालन हुने अटो-रिक्सा, टेम्पु जन्य सवारी साधनहरूको संचालन व्यवस्थापन तथा भाडा निर्धारण र नियमन सम्बन्धमा कार्य गर्नका लागि देहाय बमोजिमको समिति गठन गरिनेछ।

क. अध्यक्ष - संयोजक

ख. प्रमुख प्रशासकीय अधिकृत- सदस्य

ग. इलाका प्रहरी कार्यालय प्रमुख वा निजले तोकेको अधिकृत १ जना - सदस्य

घ. यातायात व्यवसायी समिति प्रतिनिधि १ जना - सदस्य

ङ. पूर्वाधार विकास समिति संयोजक १ जना - सदस्य

च. उपभोक्ता मध्येवाट गाउँकार्यपालिकाले तोकेको १ जना - सदस्य

छ. राजस्व इकाई हेर्ने कर्मचारी - सदस्य सचिव

(२) समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

क. अटो-रिक्सा र टेम्पु जन्य साना सवारी साधनको दर्ता, रुट निर्धारण, दर्ता तथा रुट खारेजी जस्ता कार्यमादेखिएका समस्या समाधान गर्ने।

ख. सम्बद्ध स्वरोजगार चालक तथा सवारी धनीहरुसंग समन्वय गर्ने।

ग. भाडा दर निर्धारण गर्ने र लागु गर्ने र गराउने।

घ. विशेष परिस्थिती बाहेक प्रत्येक २ वर्षमा भाडा दरमा पुनरावलोकन गर्ने।

ङ. सवारी साधन संचालन योग्य छ छैन भन्ने बारेमा समय समयमा प्राविधिक जाँच गराई संचालन योग्य नदेखिएका सवारी साधनको दर्ता र रुट खारेजीको सिफारिस गर्ने ।

च. गाउँ क्षेत्रमा संचालित सवारी साधन, ट्राफिक व्यवस्थापनको अवस्था समेतलाई विचार गरी रिक्सा जन्य साना सवारी साधनको संख्या थपघट गर्न गाउँ कार्यपालिकालाई सिफारिस गर्ने ।

(३) समितिको बैठक व्यवस्थापन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**११. बीमा गर्नुपर्नेः**

(१) सवारी धनीले प्रचलित कानुन बमोजिम यात्रु तथा तेश्रो पक्ष बीमा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम बिमा गरेको कागजात सवारी धनीले नविकरण गर्न आउँदा अनिवार्य पेश गर्नुपर्नेछ ।

**१२. सबारी धनी तथा सवारी चालकले पालन गर्नुपर्ने शर्त यस कार्यविधिमा अन्यत्र उल्लेख भएकोमा उल्लेख भए बमोजिम र उल्लेख नभएको हकमा देहाय बमोजिम शर्त पालन गर्नु पर्नेछ ।**

क. सवारी धनी र सवारी चालकको ठेगाना र फोन नं. सहित पहिचान खुल्ने विवरण सवारी साधनमा सवैले देख्ने गरी राख्नु पर्नेछ ।

ख. प्रचलित कानुन बमोजिम यात्रु तथा तेस्रो पक्ष बीमा गराएको हुनु पर्दछ ।

ग. निषेधित क्षेत्रमा सवारी संचालन गर्न पाइने छैन ।

घ. यस कार्यविधिले रुट निर्धारण गरेको क्षेत्रमा बाहेकका सडकमा सवारी सञ्चालन गर्न पाईने छैन ।

ङ. दर्ता नभएका र नविकरण नभएका सवारी साधन संचालन गर्न पाइने छैन।

च. सवारी धनीले सवारी चालकलाई नियुक्ति पत्र वा फोटो सहितको परिचय पत्र उपलब्ध गराउने र सवारी

छ. चालकले अनिवार्य परिचय पत्र लगाउनु पर्नेछ।

ज. मादक पदार्थ वा लागु पदार्थ सेवन गरी सवारी संचालन गर्न पाइने छैन।

झ. यात्रुसंग मर्यादित व्यवहार गर्नु पर्नेछ।

ञ. सिट क्षमता भन्दा बढी यात्रु ओसारपरसार गर्नु हुदैन।

ट. अटो रिक्साले क्षमता भन्दा बढी भारको माल सामान ओसार पसार गर्नु हुदैन।

ठ. यस कार्यविधीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भएतापनि अटो रिक्सा व्यवस्थापन समितिले बाटोको भौगोलिक अवस्था हेरी रुट हेरफेर गर्न सक्नेछ।

## परिच्छेद - ५
## दण्ड जरिवाना तथा राहत कोष सम्बन्धी

**१३. दण्ड जरिवाना सम्बन्धी व्यवस्थाः**

१. यस कार्यविधिको विपरित दर्ता अनुमति लिन पर्नेमा दर्ता अनुमति बिना सवारी संचालन गरे गराएमा वा रूट अनुमति विना सवारी चलाएमा, सवारी चालक अनुमति/ (लाइसेन्स) प्राप्त नगरी सवारी साधन चलाएको पाइएमा वा तोकिएको भन्दा बढी भाडा लिएको पाइएमा वा निषेधित क्षेत्रमा संचालन गरेका वा दफा १५ बमोजिमको शर्त उल्लंघन गरेमा देहाय बमोजिमको जरिवाना हुनेछ।

क) पहिलो पटक भएमा रु. ५००।- जरिवाना दोस्रो पटक सोही कसुर गरेमा रु. १०००।- तेस्रो पटक सोही कसु गरेमा रु. १५००।- जरिवाना हुनेछ। तीन पटक भन्दा बढी पटक-पटक सोही कसुर गरेमा दर्ता अनुमति र रूट परमिट खारेज हुनेछ।

ख) दण्ड जरिवाना गर्ने अधिकारी यस दफा बमोजिमको दण्ड जरिवाना प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृतले गर्नेछ।

**१४. राहत कोष सम्बन्धी व्यवस्था**:

१. यस कार्यविधि बमोजिम दर्ता अनुमति सिफारिस प्राप्त गरी रुट इजाजत प्राप्त अटो-रिक्सा धनी र अटो-रिक्सा चालक दुर्घटना वा अन्य कारणले गम्भिर बिरामी भएमा, अपांगता भएमा र निजको आर्थिक अवस्था अत्यन्त कमजोर भएमा त्यस्ता अटो-रिक्सा धनी वा चालकलाई राहत सहयोग प्रदान गर्न गाउँपालिकाले एउटा श्रमिक कल्याण राहत कोष स्थापना गर्न सक्नेछ।

२. उपदफा १ बमोजिमको कोषमा सवारी धनिले प्रति सवारी वार्षिक रु १५०० र बाँकी रकम आवश्यकता अनुसार गाउँपालिकाले जम्मा गर्नेछ ।

३. कोषको खाता संचालन रैनादेवी छहरा गाउँपालिकाले छुट्टै खाता खोली गर्नेछ।

४. कोषको संचालन गर्न देहाय बमोजिमको समिति गठन गरिनेछ।
उपाध्यक्ष - संयोजक
प्रमुख प्रशासकीय अधिकृत - सदस्य
प्रमुखले तोकेको सवारी धनीको प्रतिनिधि १ जना - सदस्य
आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य
राजश्व शाखा इकाई हेर्ने कर्मचारी प्रमुख - सदस्य - सचिव

५. कोषको रकम समितिको निर्णय बिना गर्न पाइने छैन।

६. राहत रकम अधिकतम रु. २५ हजार भन्दा बढी उपलब्ध गराइने छैन।

७. राहत रकम रु. २५ हजार भन्दा बढी उपलब्ध गराउनु पर्ने अवस्था भएमा समितिले बढी रकम उपलब्धगराउनु पर्नाको प्रयाप्त कारण र आधार प्रमाण सहित गाउँ कार्यपालिकामा सिफारिस गर्नु पर्नेछ। त्यसरी प्राप्त निर्णय सिफारिस उचित ठहर भएमा गाउँ कार्यपालिकाले उक्त कोषको अवस्था हेरी बढीमा रु. ५०,०००।- सम्म उपलब्ध गराउन सक्नेछ।

८.माथि जुनसुकै कुरा उल्लेख भएतापनि ट्राफिक नियमको उल्लंघन गरि दुर्घटना भएमा राहत रकम उपलब्ध गराउन बाध्य हुने छैन।

## परिच्छेद - ६
## विविध

**१५. विविधः**

(१) दर्ता अनुमति भई रुट इजाजत प्राप्त रिक्साहरूको आयू यो कार्यविधि बमोजिम रूट इजाजत प्राप्त भएका मितिले ७ वर्ष मात्र हुनेछ। सो मिति पछि उक्त रिक्सा, रिक्सा धनी स्वंयले नष्ट गर्नु पर्नेछ। त्यसरी नष्ट नगरेमा उक्त रिक्साको दर्ता तथा रूट इजाजत खारेज गरिनेछ। तर यसै कार्यविधि बमोजिमको प्राविधिक जाँचबाट संचालन योग्य नदेखिएमा जुनसुकै बेला स्वत दर्ता तथा रूट इजाजत खारेज हुनेछ।

(२) उप-दफा १ बमोजिम खारेज भएको दर्ता नं. मा सोही रिक्सा धनीलाई कायम गर्न पाइने नपाइने भन्ने बारेको निर्णय व्यवस्थापन समितिले निर्णय गरे बमोजिम हुनेछ।

(३) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि यातायात व्यवस्था कार्यालयमा दर्ता भई संचालन भएका अटो-रिक्साहरूको हकमा यसै कार्यविधि बमोजिमको प्रकृयामा आई निर्धारित संख्या भित्रै परेकाकोहकमा यातायात व्यवस्था कार्यालय बुटवलमा ठाउँसारी गर्नु पर्नेछ । त्यसरी नामसारी नभएका अटो-रिक्साहरूलाई रुट इजाजत उपलब्ध गराइने छैन । ठाउँसारी गर्न कम्तिमा ३५ दिनको सूचना गरिनेछ ।

(४) जरिवानाबाट प्राप्त हुने रकम गाउँपालिकाको संचित कोषमा जम्मा हुनेछ ।

**१६. व्याख्या**ः यो कार्यविधिको व्याख्या गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

**१७. प्रचलित कानून बमोजिम हुने**ः यस कार्यविधिमा उल्लेखित विषय प्रचलित कानून संग बाझिएमा बाझिएको हदसम्म अमान्य हुनेछ । कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित कानून बमोझिम हुनेछ ।

प्रमाणिकरण मितिः २०८०/०४/०४

आज्ञाले
**दिनेश सारू**
प्रमुख प्रशासकीय अधिकृत